बैठक मिति : २०७६।०७।३० गते

## छलफलका लागि पेश भएका प्रस्तावहरु:

१. करारका कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।
२. आर्थिक सहयोग सम्वन्धमा ।
३. आकस्मीक औषधी खरिद सम्वन्धमा ।
४. भिटामिन के, मैगनेशियम सल्फेट, क्यालसियम ग्कोनेट खरिद गर्ने सम्वन्धमा ।
५. निशुल्क आँखा शिविरलाई रकम छुट्टयाउने सम्वन्धमा ।
६. खानेपानी तथा सरसफाई सम्वन्धमा ।
७. डि.पि.आर. रकम भुक्तानी सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको करारका कर्मचारीहरुको म्याद थप सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको चौथो नगरसभाको निर्णय नं. ५-२७ र निर्णय नं. ५-२८ बमोजिम र नगरकार्यपालिकाको मिति २०७६।०३।३१ गतेको निर्णय अनुसार सेवा सुविधा दिने गरी नगरपालिकामा कार्यरत करारका सम्पुर्ण शाखा तथा वडाहरुको कर्मचारीहरुको २०७६ मंसिर १ गते देखि २०७६ फागुन मसान्त सम्म ४ महिनाको लागी म्याद थप गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आर्थिक सहयोग सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ मा रहेको लक्ष्मीपुर प्रा.वि.मा गेट भत्केएर घाईते भएका विद्यार्थी करिमोदिन मंसुरको छोरा कक्षा.... मा पढने ग्यासोदिन मंसुरको मेरुदण्ड भाँचीएको हुँदा सो को उपचार नगरपालिकाले गर्ने भनि सहमती भए अनुसार निजको उपचारमा लागेको रकम रु. ३०,०००।०० घाईते विद्यार्थीको वाबुलाई भुक्तानी दिने निर्णय गरियो।

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आकस्मीक औषधी खरिद सम्वन्धी प्रस्तावमा छलफल गर्दा हरिपुर प्राथमिक स्वास्थ्य केन्द्र, लक्ष्मीपुर (को.), फरहदवा, पिडारी र जानकीनगर स्वास्थ्य चौंकीका लागि आ.व. २०७६।०७७ मा हरिपुर नगरपालिकाको चौथो नगरसभा द्वारा पारित नगर विकास योजनाका सि.नं. ५५ शिर्षक नं. २७२१३ मा उल्लेख भएको औषधी खरिद खर्च तथा स्वास्थ्य उपकरण खरिद खर्चमा विनियोजित रकम रु. ५,००,०००।०० मध्ये रु. १,००,०००।०० (एक लाख) औषधी खरिद र अक्सीजन सिलीण्डर सहितको सेट खरिदको लागी रकम रु. १,५०,०००।०० (एक लाख पचास हजार) विनियोजन गरी खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको भिटामिन के, मैगनेशियम सल्फेट, क्यालसियम ग्कोनेट खरिद गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा आ.व. २०७६।०७७ मा नेपाल सरकारको सशर्त अनुदानमा विनियोजित रकम रु. २४,८५,०००।०० मध्येबाट हरिपुर नगरपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुका लागि भिटामिन के, मैगनेशियम सल्फेट, क्यालसियम ग्लुकोनेट खरिद गर्नको लागि रकम रु. ५०,०००।०० (पचास हजार) छुट्टयाउने निर्णय गरियो ।

बैठक मिति : २०७६।०७।३० गते

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको निशुल्क आँखा शिविरलाई रकम छुट्टयाउने सम्वन्धी प्रस्तावमा छलफल गर्दा हरिपुर नगरपालिकाको आ.व. २०७६।०७७ मा हरिपुर नगरसाभाबाट पारित भएको सि.नं. ३५ शिर्षक नं. २५५२९ मा उल्लेख भएको हरिपुर नगरपालिकामा विभिन्न स्वास्थ्य शिविर संचालन गर्न विनियोजित रकम रु. ९,००,०००।०० मध्ये निशुल्क आँखा शिविर संचालन गर्न ५०,०००।०० (पचास हजार) रकम दिने निर्णय गरियो ।

## निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको खानेपानी तथा सरसफाई सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका क्षेत्र अन्तर्गत वडा नं. १ देखि ९ सम्म नेपाल सरकारको नीति अनुसार एक घर एक धारा वितरणको लागि खानेपानी पाइपलाईन विस्तार गर्नको लागि नेपाल सरकार र सम्वन्धीत निकाय सँग माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको डि.पि.आर. रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको चौथो नगरसभाको पेज नं. ८२ को निर्णय नं. ५-३९ मा इन्जीनियरिंग परामर्श सेवा शिर्षकबाट विनियोजत गरिएको रकमबाट देहायको परामर्श दातालाई डि.पि.आर.तयार गरे वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.नं. | भुक्तानी पाउने कन्सल्टेन्सीको नाम | कामको विवरण | काम गरेको स्थान | कुल जम्मा रकम भ्याट सहित |
|---|---|---|---|---|
| १ | इनोभेटिभ इन्जीनियरिंग कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.ली. लाहान-५, सिराहा | हरिपुर नगरपालिका नगर सडकहरुको (Detail Project Report) | खेहरु टोल हुँदै पुल्चोक सिमाना सम्म, इन्द्रपुर पुल-नहर-जुटपानी सम्म, मलंगवा मेन रोड देखि लक्ष्मीपुर महजिद सम्म र लक्ष्मीपुर चोक देखि ढापटोल हुँदै पिडारी सम्म (जम्मा ७ कि.मि.) | ४,८२,५१०।०० |
| २ | लक्ष्य कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी कोटेश्वर काठमाण्डौं | Detail Engineering, Survey, Design, estimate, drawing ann report of School Building (According to Tor) राष्ट्रिय योजना आयोगसँग प्रस्ताव पेश गर्न तयार गरेको | सार्वजनिक मा वि विद्यालय हरिपुर-६ लक्ष्मीपुर कोद्राहा | ४,९३,८१०।०० |
| ३. | डायम कन्सल्टेन्सी प्रा.लि., प्रा.लि. काठमाण्डौं-३२ | Detail Engineering, Survey, Design, estimate, drawing ann report of School Building (According to Tor) राष्ट्रिय योजना आयोगसँग प्रस्ताव पेश गर्न तयार गरेका | महावीर जनता मा.वि. विद्यालय हरिपुर-२ | ४,९३,१३२।०० |